

नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५४) काठमाडौं, पुस १६ गते २०६१ साल (अतिरिक्ताङ्क ४२ (आ)

भाग ३

श्री ५ को सरकार

स्थानीय विकास मन्त्रालयको सूचना

श्री ५ को सरकारले जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ को दफा १६ ले दिएको अधिकार प्रयोग गरी जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना दर्ता गर्ने सम्बन्धमा देहायबमोजिम आदेश जारी गरेको छ,–

(क) शान्ति सुरक्षाको कारणले सम्बन्धित गाउँ विकास समितिमा गई जन्म, मत्यु तथा अन्य व्यक्तिगत घटना दर्ता गराउन नसक्ने अवस्था रहेको भनी आएको सूचकको माग जायज भए जिल्ला विकास समितिको कार्यालयबाट घटना दर्ता गरी प्रमाणपत्र दिने ।

(ख) स्थानीय विकास अधिकारीले व्यक्तिगत घटना दर्ता गर्न जिल्ला विकास समितिको कार्यालय र मातहतका कम्तिमा खरिदार दर्जाका कर्मचारीलाई स्थानीय पञ्जिकाधिकारी तोक्ने ।

(ग) सूचना फाराम, प्रमाण पत्रमा स्थायी ठेगाना लेख्ने, लेखाउने । प्रमाण पत्रमा अनिवार्य रूपमा स्थानीय विकास मन्त्रालयको आदेश मिति उल्लेख गरी सोही अनुसार प्रमाण पत्र दिइएको छ भनी लेखी सहीछाप गर्ने। जिल्ला विकास समितिको कार्यालय-को छाप प्रयोग गर्ने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) घटना दर्ताको सूचना फाराम जिल्ला विकास समितिमा राख्ने, सम्बन्धित गाउँ विकास समितिमा रेकर्ड राख्न घटना दर्ता विवरण पठाउने ।

(ङ) यस प्रयोजनका लागि अलग दर्ता रजिष्टर प्रयोग गर्ने ।

(च) यस सम्बन्धमा आवश्यक व्यवस्था स्थानीय विकास अधिकारीले मिलाउने ।

(छ) शान्ति सुरक्षाको दृष्टिकोणले सम्बन्धित गाउँ विकास समितिमा व्यक्तिगत घटना दर्ता गर्न नसक्ने अवस्थाका गाउँ विकास समितिहरूको सूची जिल्ला सुरक्षा समितिसँग माग गरी सोको जानकारी जिल्ला विकास समितिको कार्यालयले सबै गाउँ विकास समितिहरूमा गराउने ।

आज्ञाले,
बालकृष्ण प्रसाई
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू. ५।-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।